सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक
वर्ष : ५ अंक : २१ २०७९ साल, असोज ३० गते आईतबार, Sunday 16 Oct, 2022 मूल्य रु. ५/- पृष्ठ : ४

## भ्रष्टाचारी मुख्यमन्त्रीलाई हराउन जरुरी छः- ओमप्रकाश सर्राफ




बीरगंज, २९ असोज ।

प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ को (ख) का स्वतन्त्र उम्मेदवार ओमप्रकाश सर्राफले भ्रष्टाचारी मुख्यमन्त्रीलाई हराउन जरुरी छ वताएका छन् । वीरगञ्जस्थित होटल आदर्श आयोजित चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशसभा सदस्यका उम्मेदवार सर्राफले यस क्षेत्रका जनताहरुले चाहे आफु मुख्यमन्त्रीलाई हराउन सक्षम उम्मेदवार भएको वताए । उनले भने "विभिन्न भ्रष्टाचार मुद्दामा मुछिएका मुख्यमन्त्री राउतलाई यसपालि हराउन जरुरी छ ।

उनलाई हराउन म सक्षम छु, त्यही भएर यसपालिकाको निर्वाचनमा मलाई जिताएर काठमाडौंको जनता जस्तै यहाँको जनताले पनि इतिहास रचनु पर्छ ।" उनले यसपालिकाको निर्वाचनमा आफु चुनाव हारे सबै युवाको हार हुने वताउँदै स्वतन्त्र सक्षम युवा उम्मेदवारलाई जिताएर सचेत मतदाताको परिचय दिनु पर्ने धारणा राखे ।

उनले भने "म कुनै गठबन्धनको उम्मेदवार होइन, मेरो गठबन्धन यहाँको जनतासंग छ, यहाँको युवासंग छ, यहाँको महिलासंग छ । त्यँही भएर नेता/नेता विच भएको अपवित्र गठबन्धनलाई हराएर स्वतन्त्र र सक्षम उम्मेदवारलाई जिताउनु पर्छ । आफु सधै जनता माझ रहेको र जनताको सेवा गरेको वताउँदै उनले आफ्नो बालबच्चाको भविष्यको ख्याल गरेर भए पनि आफुलाई चुनाव जिताउनु पर्ने अपिल गरे ।

उनले वीरगञ्जको मतबाट जितेर मुख्यमन्त्री बनेका व्यक्तिले वीरगंजसंग घात गरेको कुरा सबैलाई थाहा भएको वताउँदै त्यसको जवाफ अहिले निर्वाचनबाट दिनु पर्ने पनि सुझाए । उम्मेदवार सर्राफले अर्का गठबन्धनका उम्मेदवार अर्को क्षेत्रको भएकोले त्यसको विकल्प आफु नै भएको दाबी गरे । कार्यक्रममा प्रोफेसर बिजय महासेठ, समाजिक अभियन्ता प्रकाश थारु, गुड्डी जोशी, दर्गा श्रेष्ठ, जलेश्वर सर्राफ, मनोज साह, दीपक सर्राफ, ई.गजेन्द्र दास लगायत युवाहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

(साभार-यात्राडेली)

## वैश्विक भोकमरी सूचकांकमा नेपाल दक्षिण एसियाको दोस्रो स्थानमा

काठमाण्डौं, २९ असोज ।

वैश्विक भोकमरी सूचकाक्त (ग्लोबल हंगर इन्डेक्स)मा नेपाल ८१ औं स्थानमा पुगेको छ । भर्खरै सार्वनजिक भएको सन् २०२२ को ग्लोबल हंगर इन्डेक्समा नेपालको अवस्थामा भारत, पाकिस्तान र बंगलादेशको भन्दा राम्रो देखिएको हो । गत वर्ष ११६ देशको वरियतामा नेपाल यो सूचकांकको ७६औं स्थानमा थियो । १२१ देशको वरियतामा नेपाल ८१औं स्थानमा छ भने भारत १०७औं स्थानमा रहेको छ । पाकिस्तान ९९औं स्थानमा रहँदा बंगलादेश ८४औं स्थानमा पुगेको छ ।

यो सूचिमा दक्षिण एसियाकै राम्रो अवस्थामा श्रीलंका देखिएको छ । आर्थिक समस्या झेलिरहेको श्रीलंका यो सूचकांकमा ६४औं स्थानमा रहेको छ । दक्षिण एसियामा सबैभन्दा कमजोर रहेको अफगानिस्तान १०९औं स्थानमा छ । वैश्विक भोकमरी सूचकांक

## सत्ता गठबन्धनका उम्मेदवार श्रेष्ठलाई रायमाझीको साथ

बारा, २९ असोज ।

बारा क्षेत्र नं ४ की कांग्रेस नेतृ नारायणी रायमाझी (निरु)ले स्वतन्त्र उम्मेदवारी फिर्ता लिएसँगै बारा-४ मा सत्ता गठबन्धनका उम्मेदवारलाई सहज भएको छ। रायमाझीले आज शनिवार सिमरा विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उम्मेदवारी फिर्ता लिएर सत्ता गठबन्धनका उम्मेदवारलाई सहयोग गर्ने प्रतिवद्धता जनाएकी छिन् । उनको उम्मेदवारी फिर्ताले सबैभन्दा धेरै फाइदा बारा ४ (क) का प्रदेशतर्फ माओवादी केन्द्रका उम्मेदवार क्षेत्रबहादुर श्रेष्ठ अनिललाई पुगेको छ ।



'म कांग्रेसको विपक्षमा गएर चुनाव लड्न खोजेको होइन पार्टीले धेरै अन्याय गरेको जस्तो लागेर उम्मेदवारी दिएका हो, अब अहिले मैले आफ्नो उम्मेदवारी फिर्ता लिएर गठबन्धन उम्मेदवारलाई जिताउन प्रतिवद्ध भएर आएको छु' रायमाझीले भनिन्, 'पार्टीले मलाई महत्वपुर्ण भूमिका दिएको छ त्यसबाट धेरै खुशी छु जीवनभर पार्टीको निर्देशन विपरित जानेछैन, यसपटक गठबन्धन उम्मेदवारलाई जिताएर छोड्छु' रायमाझीले २०७४ को स्थानिय तह निर्वाचनमा जितपुरसिमरा उपमहानगरको उपप्रमुखमा १२ हजार ५ सय मत ल्याएकी थिइन् ।

कांग्रेसभित्र महिला संघकी केन्द्रीय सदस्य समेत रहेकी रायमाझीले बैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा उपप्रमुखमा पनि दावी गरेपनि टिकट भने पाउन सकिनन् । फरमुल्लाह मन्सुरको दवावमा पार्टीले मेघा शाहीलाई टिकट दिएपछि रायमाझीले असन्तुष्टि जनाउँदै यसपटक प्रदेशसभा सदस्यमा उम्मेदवारी दिएकी हुन् ।

रायमाझीले उम्मेदवारी फिर्ता नलिए कांग्रेस भित्रको असन्तुष्ट भोट, महिला भएका कारण सहानुभूति र सामाजिक रुपमा समेत चर्चित रहेका कारण पपुलर मत रायमाझीले पाउने निश्चित थियो । तर, रायमाझीलाई कांग्रेस पार्टी सभापति तथा प्रधानमन्त्री

(बाँकी अन्तिम पेजमा)

## महोत्तरीमा गठबन्धनले गर्यो निर्वाचन परिचालन कमिटी निर्माण

महोत्तरी, २९ असोज ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई केन्द्रित गरेर महोत्तरीमा सत्ता गठबन्धनले निर्वाचन परिचालन कमिटी निर्माण गरेको छ। सुरक्षाको हिसाबले महोत्तरीमा अतिसंवेदनशील मतदानस्थल १ सय ४३ रहेको छ ।भारतसँग खुला सीमा जोडिएको यो जिल्लाअतिसंवेदनशील मानिन्छ।गठवन्धनमा रहेको दलहरुको जिल्ला निर्वाचन परिचालन कमिटीको संयुक्त बैठकलेसंघिय र प्रदेश चुनाव परिचालन कमिटी प्रत्येक वडासम्म



संयुक्त निर्माण गर्ने निर्णय गरेका छन् । साथै निर्वाचन प्रचारप्रसारको लागिप्रत्येक वडामा कार्यालय निर्माण गर्ने निर्णय समेत गरेका छन् ।

नेपाली कांग्रेसका जिल्ला सभापति नागेश्वर यादवको अध्यक्षतामाले यस्तो निर्णय गरेको हो । निर्वाचनलाई मध्यनजर गर्दै जिल्ला प्रशासनले यहाँ करिव एक हजार पाँच

(बाँकी तेश्रो पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## पौडी खेल्ने क्रममा बेपत्ता भएकाको शव फेला

स्याङ्जा, २९ असोज ।

स्याङ्जाको वालिङ नगरपालिका-१ सिसौघारीस्थित आँधीखोलामा पौडी खेल्ने क्रममा बेपत्ता भएका एक जनाको शव सशस्त्र प्रहरीले फेला पारेको छ । सोही ठाउँ बस्ने १९ वर्षीय संगम रेग्मी उक्त खोलामा पौडी खेल्ने क्रममा २६ असोज दिउँसो करिब साढे ४ बजेतिर बेपत्ता भएका थिए ।

घटनाबारे जानकारी प्राप्त भएपश्चात सशस्त्र प्रहरी बल नेपाल

(बाँकी तेश्रो पेजमा)

## सडक अवरुद्ध हुँदा जुम्ला विमानस्थलमा भीड

जुम्ला, २९ असोज । रासस

लगातार अविरल वर्षाले बाढी, पहिरोबाट कर्णाली राजमार्ग सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएपछि जुम्ला विमानस्थलबाट देशका नेपालगञ्ज, सुर्खेत, काठमाडौं, धनगढीलगायत सहर जाने यात्रुको जुम्ला विमानस्थलमा टिकटका लागि भिडभाड हुने गरेको छ । जहाजको उडान कम तर यात्रुको भीड बढी भएपछि सेवाग्राहीलाई सकस भएको छ। दसैँपछि घर आएका विद्यार्थी, कर्मचारी तथा बिरामीलाई पनि जहाजको उडान कम हुँदा कठिन भएको नागरिक उड्डयन प्राधिकरण जुम्लाले जनाएको छ ।

अघिपछि नियमित उडान हुने तर दसैं अवधिभर निजी एयरलाइन्सले पूर्वमा बढी प्राथमिकता दिएपछि दसैंमा नागरिक घर फर्किनसमेत सकस भएको थियो । दसैँपछि पनि गन्तव्यमा पुग्न कठिन भएको छ । प्राधिकरण प्रमुख सन्तोष अधिकारीका अनुसार नेपाल एयरलाइन्सले यो १५ दिनमा जुम्लामा एकमात्र उडान भरेको छ । नेपाल एयरलाइन्सको तालिकाअनुसार हप्तामा दुई वटा जहाज आउनुपर्नेमा कार्यान्वयन हुन सकेको छैन । अझ नागरिक उड्डयनको वार्षिक उडान तालिकामा हप्तामा सात वटा उडान छ । प्राधिकरणका प्रवक्ता ज्ञानेन्द्र भुजुका अनुसार नेपाल एयरलाइन्सको आइतबार जुम्लामा उडान अनिवार्य हुनेछ। उनले एक जहाज बिग्रेकाले एउटाले मात्रै देशभर सेवा दिनुपर्ने भएकाले समस्या भएको बताए । नागरिक उड्डयन जुम्लाका अनुसार अगष्ट महिनाको १५ दिनमा समिट एयरको सात, तारा एयरको चार र नेपाल एयरलाइन्सको एक मात्र उडान भएको छ ।

**लोकसेवा परीक्षार्थी र बिरामीलाई प्राथमिकता**

जहाजमा टिकट व्यवस्थापन प्रणाली राम्रो नभएको भन्दै केही दिनअघि विद्यार्थीले आन्दोलन गरेर स्थानीय प्रशासन घेराउ गरेपछि स्थानीय प्रशासनले निगरानी गरेको छ। स्थानीय प्रशासनका अनुसार यो तीन/चार दिन लोकसेवा दिने, परीक्षा दिने विद्यार्थी, आकस्मिक बिरामी ५० भन्दा बढीलाई स्थानीय प्रशासनले प्रत्यक्ष निगरानीमा उडाएको छ ।

यसबेला लोकसेवाका विद्यार्थी ३८ जना, १३ जना खेलाडी, बिरामीसहितका अन्य विद्यार्थीलाई पठाइएको प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केसरीले बताउनुभयो। छ जना विद्यार्थीलाई त राहत बोकेर आएको हेलिकप्टरमा पठाइएको छ। परीक्षार्थी जान पाउनुपर्ने भन्दै विद्यार्थीले आन्दोलन

(बाँकी अन्तिम पेजमा)

## टिमवर्कको ...............

चलचित्र नै प्रदर्शन हुन नदिने खेल दुःखदायी थियो । नेपाली भाषामा प्रेमगीत–३ प्रदर्शनको ३ दिनपछि मात्र हिन्दी भाषामा स्वराक्तान भएको चलचित्र प्रदर्शन गर्न सकियो ।

चलचित्र प्रेमगीत–३ सम्बन्धमा जे जस्तो विवाद भयो, त्यसले नेपाली चलचित्र क्षेत्रमा हुने राजनीति अनि अन्याय कस्तो हुने रहेछ भन्ने थप प्रमाणित गरिदिएको छ । प्रेमगीत–३ चलचित्रले एउटा इतिहास कोरेको छ । बलिउडका स्टारहरूको जसरी चलचित्र प्रदर्शनमा आउँछ, त्यही हिसाबमा नेपाली चलचित्रको प्रचारबाजीदेखि प्रदर्शनसमेत हुनु आफैमा गौरवको कुरा हो । यो नेपाली चलचित्र क्षेत्रको ठुलो सफलता हो ।

यति मात्र हैन, प्रेमगीत–३ का कारण नेपालको लोकेशनलाई लिएर लाखौं भारतीयसँगै विश्वभरमा प्रचारप्रसार हुनुले नेपालको पर्यटन प्रबर्द्धनमा ठुलो योगदान पुग्ने विश्वास समेत लिइएको छ । भारतीय सिनेमा मेकरले नेपालको लोकेशनमा आफ्नो चलचित्र छायांकनका लागि छनौट समेत गरेको समाचार प्रकाशनमा आएका छन् । यो पनि आर्थिक हिसाबले राम्रो कुरा हो । विश्व बजारमा नेपाली चलचित्रको बलियो र गर्विलो उपस्थिति भएको छ । संभावनाका ढोकाहरु प्रेमगीत–३ ले खोलेको छ । अब नेपाली मेकरले स्तरीय चलचित्र बनाउन सकेमा विश्वबजारमा आफ्नो उपस्थिति जनाउन सहज भएको छ । प्रेमगीत–३ तीन साता पार गर्दा पनि भारत लगायतका विभिन्न देशमा अझै उत्साहजनक रुपमा प्रदर्शन भैरहेको छ । दर्शकले राम्रो प्रतिक्रिया दिइरहेका छन् । यो निकै सकारात्मक सन्देश पनि हो । प्रेमगीत–३ ले नेपाली चलचित्रलाई विश्व बजारमा प्रवेश गराएको मात्र छैन, व्यापारको सफलताको ढोकासमेत खोलेको छ । यस खुशीमा सिंगो राज्य अझ चलचित्र क्षेत्रका सबै परिवारले ‘सेलिब्रेशन’ गर्नुपर्दछ भन्ने लाग्छ ।
लेखक प्रेमगीत ३ फिल्मका कार्यकारी निर्माता हुन् । (साभार–रातोपाटी)

## अल्झन .....................

फरारको सूचीमा राखेर यो प्रकरणमा मुद्दा चलाएको थियो । काठमाडौं जिल्ला अदालतले कर्मचारीलाई ४ लाख ५० हजारका दरले धरौटीमा छाडेको थियो । अरू अभियुक्तलाई पुर्पक्षका लागि थुनामा पठाइएको थियो । उच्च अदालत पाटनले जितबहादुर मगर र नीरजकुमार मानन्धरबाहेक प्रतिवादीलाई धरौटीमा छाडेको थियो । पछि सर्वोच्च अदालतले राजनप्रसाद लम्साल र पुण्यप्रसाद खरेललाई पनि थुनामै राख्न आदेश दिएको थियो ।

**मिश्रलाई किन उन्मुक्ति ?**

जटियाको अख्तियारी लिएर कम्पनीको युजरनेम परिवर्तनदेखि स्वामित्व हस्तान्तरणको अभिलेख गराउने व्यक्ति हुन् प्रकाशविक्रम मिश्र । तर, उनै मिश्रलाई प्रहरीले उन्मुक्ति दिएको पाइएको छ । ‘प्रस्तुत मुद्दामा संलग्नता देखिएका प्रकाशविक्रम मिश्रलगायत अन्य कोही कसैको एकिन नामथर वतन खुलिआएमा वा निजहरू पक्राउ परिआएका बखत मुलुकी फौजदारी कार्यविधि संहिता (ऐन) २०७४ को दफा ३५ बमोजिम थप दाबी लिई अभियोगपत्र पेस गरिने व्यहोरासमेत अनुरोध छ’, अभियोगपत्रमा लेखिएको छ । तर, मुद्दा चलेको करिब चार वर्ष अवधिमा न अदालतले खोज्यो न त सरकारी वकिल कार्यालयले । प्रहरीले त आफैं उन्मुक्ति दिएको कागजातले पुष्टि गर्छ ।

कम्पनी रजिस्ट्रार कार्यालयले २०७५/०५/१४ गते शंकर इलेक्ट्रिक इन्डस्ट्रिजको युजरनेम स्वीकृतिसम्बन्धी विवरण पठाएको थियो । त्यसमा अनुसूची फारम, उद्योग दर्ताको प्रमाणपत्र, विद्युतीय सेवा लिनेसम्बन्धी कम्पनीको निर्णयको प्रतिलिपि संलग्न देखिन्छ । तर, यसमा जटियाले साउन २० गते कम्पनी सच्याउँदाको कागजात र मिश्रको नागरिकताको प्रतिलिपि पठाएको देखिँदैन । जति कागजात ब्युरोमा पठाइयो, मिश्रलाई मुद्दा चलाउन तिनै कागजात पर्याप्त थिए । तर, यी कागजात पनि मिसिलमा संलग्न नगरेको अभियोगपत्रले देखाउँछ । जबकि भदौ १३ गते सक्कल नै कागजात पठाएको पत्रको सूचीको तेस्रो नम्बरमा तीन महलले, अख्तियारी (प्रकाशविक्रम मिश्रलाई दिएको) पत्र थान १ भन्ने उल्लेख छ । एक उपसचिवले मिश्रको विवरण उल्लेख भएको कागजात डीएसपी कटवाल नै आएर च्यातेको दाबी गरे । कटवालले भने मिश्रलाई उन्मुक्ति दिनुपर्ने कुनै कारण नरहेको प्रतिक्रिया दिए । ‘उनलाई उन्मुक्ति किन दिनुपऱ्यो ? उन्मुक्ति दिनुपर्ने कुनै कारणै छैन’, उनी भन्छन् ।

**बिगार्ने हाकिम, सजाय निर्दोषलाई**

मिश्रले बुझाएको कागजातमा युजरनेम परिवर्तन गरी ‘कम्पनीको खारेजीको कार्य सञ्चालन गर्ने निर्णयसमेत गरियो’ भनिएको थियो । तर, उनै मिश्र आएर ७५ प्रतिशत जटियाबाट कामदार मगरका नाममा नामसारीको अभिलेख गराए । त्यसमा पनि नयाँ युजरनेम स्वीकृत गराउने शाखा अधिकृत पोखरेल नै संलग्न भए । त्यसमाथि सेयर हस्तान्तरण गर्दा अपनाउनुपर्ने प्रक्रियासमेत मिचे ।

यस्तै, बैंक स्टेटमेन्ट नभएको विषय न प्रहरीले उठायो न त अदालतमै उठ्यो । कार्यालयले २०७४/०५/०७ गते रु. १० लाख वा सोभन्दा बढीको सेयर कारोबारको लिखत कागजातका साथ वित्तीय संस्था वा बैंकिङ उपकरणमार्फत कारोबार गरिएको प्रमाण संलग्न गरी पेस गर्नुपर्ने सूचना निकालेको थियो । जबकि मिश्रले १८ लाखभन्दा बढी रकमबराबरको सेयरको अभिलेख गराएका थिए । यस्तै, छाप परिवर्तनको निवेदन चाहिनेमा त्यो पनि नहेरेको पाइएको थियो ।

सेयर खरिदबिक्रीको अभिलेख गर्दा टिप्पणी उठाउने सहायक रजिस्ट्रार पोखेल र त्यसलाई सदर गर्ने उपसचिव (उपरजिस्ट्रार) गंगाधर पौडेलले यति धेरै प्रक्रिया किन मिचे ? मिश्रलाई अनुसन्धानमा नतानेपछि तथ्य बाहिर आएन । हाकिमहरूले दोष भने आईटीको हेल्प डेस्कमा काम गर्ने आउटसोर्सिङ कर्मचारीलाई लगाए । आफूले भने अनलाइन अपलोड भएका कागजात मात्रै अभिलेख गर्ने भनेर अदालतलाई गुमराहमा पार्न खोजे ।

युजरनेम परिवर्तनको अख्तियारी आईटी शाखालाई रहेको भन्दै पोखरेलले प्रहरीलाई पत्र लेखे । तर, हाकिमले तोक नलगाई युजरनेम परिवर्तन हुँदैन भन्ने तथ्य लुकाए । जबकि मिश्रले ल्याएको निवेदनमा उनले नै तोक लगाएका हुन् । तोक नलाई नयाँ युजरनेम स्वीकृत गरेको भए मात्रै आईटीका कर्मचारीको दोष देखाउन मिल्ने तत्कालीन आईटी निर्देशक संसारजंग देवान र अनुप न्यौपानेले यो पंक्तिकारसँग बताए । तत्कालीन रजिस्ट्रार भुवनहरि अर्यालले पनि आईटीको दोष नरहेको बताएका थिए ।

त्यही बेला कार्यालयले ई–सेवा लिन चाहिने कागजात र प्रक्रियाबारे सूचना निकालेको थियो । मागिएका कागजातसहित सेवाग्राहीले निवेदन दिई तोक लागेपछि मात्रै नयाँ युजरनेम स्वीकृत हुने जनाइएको छ । त्यसको पासवर्ड भने युजरनेम स्वीकृत गर्नासाथ अनलाइन सिस्टमबाटै सम्बन्धित इमेलमा जान्छ । मिश्र र जटिया दुवै जनाले यी प्रक्रिया पुऱ्याएरै नयाँ युजरनेम लिएका थिए । सेयर खरिदबिक्रीसँग जोडिने सनाखत, उद्योग विभागको सहमतिसँग सरोकार नै देखिँदैन । युजरनेम परिवर्तनदेखि स्वामित्व हस्तान्तरणसम्म मगरको समूहसँग मिलेमतो गरेको अभियोग गोलमटोल लगाएको देखिन्छ । जिल्ला अदालतले पनि कुन कर्मचारीको जिम्मेवारी कति भन्ने निक्र्योल नगरी बराबर जरिवाना तोकेको छ ।

## नेपालीले बिर्से ............

स्थलहरू डिटर्जेन्ट वा ०.५ प्रतिशत क्लोरिनले नियमित रूपमा सफा गर्नुपर्छ । यस्तै, खानेपानी र हात धुन तथा अन्य प्रयोजनको लागि पानीको श्रोत एउटै भएता पनि वितरण गर्ने (विन्दु) स्थान फरकफरक हुनुपर्ने उल्लेख गरिएको छ ।

स्वास्थ्य संस्थाहरूमा चौबिसै घण्टा पानीको उपलब्धता हुने गरी सुधारिएको पानीको श्रोतको व्यवस्था गरिएको हुनुपर्ने उल्लेख छ । यस्तै प्रत्येक इकाईहरूमा जस्तै बिरामी जाँच्ने कोठा प्रसूति कक्ष, प्रयोगशाला लगायत हात धुने स्थानमा प्रति स्थानमा प्रति मिनेट पाँच लिटर पानी सुचारु रूपमा आउने पानीको धारा वा हात सफा गर्ने बेसिन उपलब्ध हुनुपर्ने उल्लेख गरिएको छ । हात धुने बानी र पूर्वाधारको पूर्ण व्यवस्था भएमा हातबाट सर्ने विभिन्न प्रकारका सरुवाजन्य सक्रमण दर कम हुने डा. पुन सुनाउँछन् ।

यता इपिडिमियोलोजी तथा रोग महाशाखाका पूर्व निर्देशक डा.बाबुराम मरासिनीले अस्पतालहरुले मापदण्डमा आधारित भएर हातको सफाइको सन्दर्भका काम नगरेको बताउँछन् । उनले सरकारी अस्पतालहरूले वार्षिक रूपमा पूर्वाधार मर्मत र निर्माणमा करोडौं खर्च गरे पनि हातको सफाइका लागि आवश्यक पूर्वाधार र शौचालय मर्मत र व्यवस्थापनलाई बेवास्ता गरेको जिकिर गरे ।

उनले भने, ‘कुनै संघसंस्थाबाट आएको बजेटले अस्पतालहरूले बिरामी र कुरुवालाई धारा, पानी, शौचालय, साबुनसहित हात धुने पूर्वाधारसहितको व्यवस्था गर्छन् । तर, यस कार्यलाई अस्पतालहरूले नियमितता दिन नसक्दा अस्पतालबाटै सक्रमणजन्य रोगको उच्च जोखिम कायम छ ।’ यूएनएचसीआरका अनुसार विश्वभरका ३ मध्ये १ स्वास्थ्य सेवामा बिरामी, स्वास्थ्यकर्मी र उपचारमा बिरामीसँग सम्पर्क हुने स्थानहरूमा हात सरसफाइको सुविधा छैन । ।

**पखालाबाट हुने मृत्युलाई ५० प्रतिशत घटाउन सकिन्छ**

विश्व बैंकका अनुसार हातको सरसफाइले रोगलाई कम गर्न अति महत्त्वपूर्ण भूमिका खेल्ने एक अध्ययनले देखाएको छ । सन् २०२० मा गरिएको अध्ययनमा साबुन र पानीले हात धुँदा पखाला रोगबाट हुने मृत्युलाई ५० प्रतिशतसम्म घटाउने उल्लेख गरिएको छ । यस्तै नियमित रूपमा सबै मानिसले हात धुँदा वार्षिक १० लाख मृत्युलाई रोक्न सकिन्छ ।

यस्तै, सीडीसी अमेरिकाअनुसार हात सफा गरेमा कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसलाई झाडापखालाको रोगलाई ५८ प्रतिशतले घटाउन सकिने उल्लेख गरिएको छ । उता युनिसेफ र विश्व स्वास्थ्य संगठनको एक अध्ययनले सक्रामक रोगहरुविरुद्ध लड्न १० मध्ये ३ जनासँग घरमा आधारभूत हात धुने सुविधा नभएको जिकिर गरेको छ । खाद्यजन्य रोगको प्रकोपको ठुलो प्रतिशत दूषित हातबाट फैलने डा पुन बताउँछन् । हात सफाइ गर्ने नियमित बानीले रोग र अन्य सक्रमण जन्य जोखिम कम गर्ने उनको भनाइ छ ।

महामारीले हात स्वच्छता लागि अभूतपूर्व समय सिर्जना गरेको चिकित्सकहरू बताउँछन् । कोरोना महामारीको समयमा सबैले हातको सरसफाइमा धेरैले ध्यान दिए पनि बिस्तारै भुल्दै गएको डा. मरासिनी सुनाउँछन् । हातको सरसफाइलाई अस्थायी प्रावधानको रूपमा नहेर्न उनको सुझाव छ । सक्रामक रोगबाट बचनका लागि पानी सरसफाइ र सरसफाइमा थप दीर्घकालीन लगानी गरी भावी दिनहरूमा आउन सक्ने स्वास्थ्य सक्तटबाट जोगिन सरकार योजना बनाएर अगाडि बढ्नुपर्ने उनको भनाइ छ ।

**हात धुँदा सक्रामक रोगबाट मुक्ति**

हात धुने कुरा हेर्दा सामान्य लागे पनि निकै महत्त्वपूर्ण कुरा भएको डा. पुन बताउँछन् । डा पुनका अनुसार सही तरिकाले हात धुँदा धेरै सक्रामक रोगबाट मुक्ति पाइन्छ । नियमित हात धुँदा पानीजन्य रोग, झाडापखाला, हैजा, टाइफाइड रुघाखोकी, कोभिड–१९ लगाएका सक्रमणजन्य कुरा हात धुने कुरासँग सम्बन्धित हुने डा. पुनले बताए । पुन पनि नेपालमा कोरोना महामारीका बेला हात धुने बानीको विकास भएको तर हाल क्रमशः घट्दै गएको सुनाउँछन् । सरुवाजन्य रोगबाट बाचनका लागि सजिलो र हात धुने कुरालाई मुख्य भएको उनले बताए । सरकारले उद्देश्य औषधि खान दिनुभन्दा रोग लाग्नै नदिनु उपाय अपनाउनुपर्ने उनको भनाइ छ ।

**हात धुने संस्कृतिलाई नेपालीले बिर्से**

हात सफा गर्ने सन्दर्भमा नेपालीले आफ्नो पश्चिमा संस्कृतिलाई अनुसरण गर्न नसक्दा हात धुने बानी झन् बिग्रिएको डा. मरासिनीको जिकिर छ । पश्चिमा संस्कृतिझैँ पूर्ण रूपमा चम्चा, सिन्का प्रयोगको नेपाली गर्न सकेका छैनन् भने नेपाली संस्कृति अनुसार पनि सबै हात सफा गरेर खानेकुरा खान सकेका छैनन् । धेरै सरकारी विद्यालय हात धुने ठाउँ नभएका, पानी विनाका शौचालय रहको उनले बताए । सरसफाइ तथा हात धुने कुरा वृहत् रूपमा स्कुलबाटै सिकाउनुपर्नेमा उनको जोड छ ।
(साभार–रातोपाटी) (साभार–रातोपाटी)

# सामाजिक र राजनीतिक यात्रामा डा. अधिकारी

**चिन्तामणी पौडेल/प्रकाश ज्ञवाली**

चितवनको दुर्गम गाउँ तत्कालिन कुरिनटार गाउँ विकास समिति कमेरेको एउटा विपन्न परिवारमा जन्मिएर चिकित्सक जस्तो विशिष्टिकृत सेवा क्षेत्र हुँदै राजनीतिक आन्दोलनमा प्रवेश गर्नु भएका डाक्टर डा भोजराज अधिकारी चितवनबासीका लागि नौलो नाम होइन । बिगत १७ वर्षदेखि चिकित्साक्षेत्र मार्फत जनताको सेवामा रहनुभएका डा अधिकारी यस पटक चितवनको निर्वाचन क्षेत्र नम्बर ३ बाट सम्युक्त गठबन्धनको तर्फबाट नेकपा ( माओवादी केन्द्र) को गोलाकार भित्रको हसियाँ हथौडा चुनाव चिन्ह लिएर प्रतिनिधिसभा सदस्यको रुपमा राजनीतिक यात्रा तय गर्नु भएको छ ।

बुबा एकदेव अधिकारी र आमा चुनादेवी अधिकारीका कोखबाट छैटौं सन्तानका रुपमा २०३६ सालमा उहाँको जन्म भएको हो । गरिबीले आक्रान्त उहाँको परिवार जन्मथलो छोडेर चितवनको साविक पटिहानी गाउँपालिका अर्थात हालको भरतपुर महानगरपालिका २२ मा बसाई सर्यो । परिवार बसाई सर्दै गर्दा अधिकारी केवल एक वर्षको हुनुहुन्थ्यो ।

**बाल्यकाल :**

डा. अधिकारीको बाल्यकाल पनि पटिहानीमै वित्यो । उहाँको प्राथमिक शिक्षा पटिहानीकै राष्ट्रिय प्राथमिक विद्यालयबाट शुरु भयो । पाँच कक्षासम्म मात्र रहेको उक्त विद्यालय पछि पटिहानीकै अमर माविबाट डा अधिकारीले २०५२ सालमा विशिष्ट श्रेणीमा एसएलसी उर्तीण गर्नु भयो । पढाईमा अब्बल अधिकारी कहिल्यै दोस्रो हुनु परेन । विद्यालयकै सबै भन्दा धेरै नम्बर ल्याउने विद्यार्थी अर्थात होल फष्ट हुनुहुन्थ्यो । कक्षा ५ र ८ को परीक्षामा उहाँले चितवन जिल्ला प्रथमनै हुनुभएको थियो ।

चञ्चले स्वभाव, तीक्ष्ण बुद्धि काम नगरी खाली बस्न नसक्ने उहाँको स्वभावका कारण एसएलसी दिएपछिको खाली समयमा पनि उहाँ खाली बस्नु भएन् । स्थानीय ब्राइट स्टार बोडिङ स्कूलमा तीन महिना पढाउनुभयो ।

**उच्च शिक्षा र स्वास्थ्य सेवाः**

अमृत साइन्स क्याम्पस( अस्कल)बाट २०५४ सालमा प्रथम श्रेणीमा आइएससी गर्नु भएका डा अधिकारीले शिक्षा मन्त्रालयको पूर्ण छात्रवृत्ति कोटामा पोखरास्थित मणिपाल मेडिकल कलेज, शिक्षण अस्पताल बाट चिकित्सा विज्ञानमा स्नातक (एम.बी.बी.एस.) उर्तीण गर्नुभएको हो । पोखराको पढाई पछि उहाँले चिकित्सा क्षेत्रको पहिलो काम चितवनको कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल(पुरानो मेडिकल कलेज)बाट शुरु गर्नु भयो । २०६२ सालमा इन्टर्नसीप चिकित्सककोरुपमा अस्पतालमा काम गर्दा उहाँमा रहेको क्षमताको कारण सोही मेडिकल कलेजबाट निशुल्क काठमाण्डौं विश्वविद्यालयको इन्टरनल मेडिसिन(फिजिसियन)मा एमडी गर्नु भयो । एमडी अध्ययन गर्दागर्दै उहाले लोकसेवा मार्फत सरकारी चिकित्सकको रुपमा नाम निकालेर हालको कालिका नगरपालिकाको जुटपानी स्वास्थ्य चौकीमा सरकारी चिकित्सक बन्नुभयो । त्यो उहाँको सरकारी सेवाको पहिलो प्रारम्भ थियो । मेडिकल कलेजको व्यस्तता र केही नयाँ सिकौ भन्ने मान्यता राख्नुहुने डा अधिकारीको सरकारी क्षेत्रबाट केही गरौं भन्ने भावना पुरा हुन नसक्ने देखेर त्यो जागीरमा त्यति रमाउन सक्नु भएन । त्यस पछि उहाँको विशिष्टिकृत सेवा पुरानो मेडिकल कलेजबाट शुरु भयो ।

एमडी अध्ययन गर्देगर्दा कलेज अफ मेडिकल साइसेन्स शिक्षण अस्पतालमा उहाँकै नेतृत्वमा नेपालमै नीजि क्षेत्रबाट पहिलो पल्ट मृगौलाको डायलायसिस सेवा शुरु भएको थियो । त्यो सेवा सर्वसाधारण नागरिकको पहुँचमा पुऱ्याउने उहाँको ध्येय थियो । काम त्यहाँ गरिरहँदा पनि कसरी त्यो सेवा सरकारी अस्पतालमा दिन सकिन्छ भन्ने उहाँमा हुटहुटी भइरहन्थ्यो ।

सरकारी जागीर छोडेपनि आम नागरिकको स्वास्थ्य प्रति उहाँ सधै चिन्तित हुनुहुन्थ्यो । त्यसैले उहाँमा जागृत गरिब र निमुखा विरामीको सेवामा समर्पण गर्ने चाहनाले अस्पताल विकास समितिकै माध्यमबाट भरतपुर अस्पतालमा प्रवेश गर्नुभयो । २०६७ साल देखिको निरन्तरता र सोही अस्पतालको अध्यक्ष जस्तो गरिमामय नियुक्ति पछि उहाँले चितवनको स्वास्थ्य क्षेत्रमा धेरै र उल्लेख्य काम गर्ने अवसर प्राप्त गर्नुभयो । वितेको ३० महिना भरतपुर अस्पतालको अध्यक्षसमेत बन्नुभयो । यो अवसरमा उहाँले भरतपुर अस्पतालको भौतिक निर्माण, सेवाको गुणस्तरमा धेरै उल्लेख्य काम गर्नुभयो । त्यसो त अस्पतालमा जनरल फिजिसयिनको रुपमा काम गर्दाको १० वर्षमा उहाँले नेपाल सरकारका विभिन्न निकायसंग समन्वय गरी स्वास्थ्य क्षेत्रका थुप्रै काममा अग्रसरता लिनुभएको थियो । भरतपुरलाई मेडिकल सिटीका रुपमा बिकास गर्नुपर्छ भन्ने मान्यता राख्नुहुने डा अधिकारी राजनीति तर्फ पाइला अगाडि सार्दा पनि उक्त अभियान संगै भरतपुर अस्पताललाई गरिब र जेहन्दार विद्यार्थीको रोजाई स्थलको रुपमा सरकारी मेडिकल कलेज बनाउन तल्लीन हुनुहुन्छ ।

सामाजिक सेवा :

२०७३ सालदेखि नेपाल सरकारको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को उपाध्यक्ष समेतको भूमिका निर्वाह गरिसक्नु भएका डा अधिकारी सरकारको स्वास्थ्यसंग सम्वन्धित नीति तर्जुमा निमार्णमा सामेल हुनुभयो । डा अधिकारीलाई २०७६ चैत १८ गते नेपाल सरकारले भरतपुर अस्पताल विकास समितिको अध्यक्ष नियुक्त गरेको थियो । यो पद उहाँले निर्वाचनमा होमिदैगर्दा राजीनामा दिनु भएको हो । उहाँ अध्यक्ष हुदा भरतपुर अस्पतालमा भौतिक निमार्ण, विशिष्टिकृत सेवा र विस्तारका थुप्रै काम भएका छन् । अस्पतालको आकस्मिक भवन निमार्ण र संचालन, अन्य बन्दै गरेका व्लकहरुको पूर्णता र संचालन, कर्मचारीको दरबन्दी वृद्धि र व्यवस्थापन, बिमा, विपन्न सेवालगायतका कामको प्रभावकारिता भएका छन् । आइसियू बेडको वृद्धि आदि लगायतका उल्लेखनीय कामहरु भएका छन् भने अहिले पनि भौतिक पूर्वाधारका कामहरु जारी छन् ।

अस्पतालको अध्यक्ष भए पनि डा अधिकारीले विरामी हेर्ने काम कहिल्यै छोड्नु भएन । भरतपुरमै रहेको पुष्पान्जली अस्पतालमा उहाँ अझै पनि दैनिक दर्जनौ बिरामीलाई सहज सेवा दिइरहनुभएको छ ।

डा अधिकारीमा आफ्नो चिकित्सकिय सेवा संगै देशविदेशका धेरै अनुभव छन् । उहाँले ३९ देश भ्रमण गरि त्यहाँको स्वास्थ्य क्षेत्रको बारेमा केही बुझ्ने र सोही अनुसार नेपालमा प्रयोग गर्ने दृढ इच्छा राख्नुहुन्छ । कोरोना महामारी र यसबाट बचाउने विषयमा पनि उहाँको उल्लेख्य योगदान रह्यो । नेपालमै पहिलो पल्ट उहाँकै अगुवाईमा चितवनमा कोभिड भ्याक्सिनको अनुसन्धान भइरहेको छ ।

हकी स्वभावका डा अधिकारी विद्यार्थी कालदेखि नै क्रान्तिकारी विचारको हुनुहुन्थ्यो । २०५२ सालमा नेकपा (मशाल)को सदस्यता लिनुभएका डा अधिकारी हाल नेकपा (माओवादी केन्द्र) निकट स्वास्थ्य तथा जनसंख्या विभागको केन्द्रिय सचिव हुनुहुन्छ । जहाँ काम त्यहाँ सधै अव्वल नै नतिजा दिनुपर्छ भन्ने मान्यता राख्नुहुने डा अधिकारी आसन्न मंसिर ४ मा हुने प्रतिनिधिसभा निर्वाचनमा माओवादी केन्द्रको तर्फबाट पाँच दलीय गठबन्धनको साझा उमेद्वारका रुपमा चितवन क्षेत्र नं ३ मा मैदानमा हुनुहुन्छ । सम्युक्त परिवारमा रहनुहुने डा अधिकारीका बुबा, आमा, श्रीमती, एक छोरी र एक छोरा हुनुहुन्छ ।

## महोत्तरीमा...............

सय नेपाल प्रहरी र दुई हजार आठ सय म्यादी प्रहरी परिचालन गरेको छ भने थप सशस्त्र प्रहरी र नेपालीसेना आवश्यकतानुसार परिचालित हुनेछन । महोत्तरीमा४ प्रतिनिधिसभा र ८प्रदेशसभा रहेका छन् । यस जिल्लामा ३ लाख ९७ हजार ३० मतदाता रहेका छन् ।

## पौडी खेल्ने.............

नम्बर २४ गण कालिकाबाट सशस्त्र प्रहरी नायब उपरीक्षक उपेन्द्र बस्यालको कमाण्डमा खटिएको गोताखोरसहितको टोलीले घटनास्थलभन्दा एक सय मिटर तल करिब १५ फिट गहिराइबाट उनको शव फेला पारेको हो ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक



# प्रतिनिधिसभा र प्रदेशसभातर्फ खस आर्य उम्मेदवारको बाहुल्य



काठमाण्डौ, २९ असोज । रासस

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ समावेशी समूहमा खस आर्य समूहका उम्मेदवारको बाहुल्य देखिएको छ । प्रतिनिधिसभातर्फ कूल दुई हजार चार सय १२ उम्मेदवारमध्ये खस आर्य समूहमा सबैभन्दा बढी एक हजार १७ जनाको उम्मेदवारी कायम भएको निर्वाचन आयोगको तथ्याक्त छ । आदिवासी जनजाति समूहमा छ सय ४१, मधेसी समूहतर्फ पाँच सय छ, दलिततर्फ ९७, मुस्लिमतर्फ ८२ र थारु समूहतर्फ ६९ जनाको उम्मेदवारी कायम भएको छ ।

प्रदेश सभातर्फ पनि खस आर्य समूहका उम्मेदवार बढी देखिएका छन् । खस आर्यतर्फ एक हजार ५५ जनाको उम्मेदवारी कायम भएको छ। प्रदेशसभा सदस्य निर्वाचनका लागि तीन हजार २२४ जनाको उम्मेदवारी दर्ता भएको छ। प्रदेशसभातर्फ नौ सय छ आदिवासी जनजाति, आठ सय ७४ मधेसी, एक सय ४५ मुस्लिम, एक सय ४४ दलित र एक सय जना थारु समूहतर्फ उम्मेदवारी कायम भएको छ। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि यही असोज २३ गते देशभर उम्मेदवारको मनोनयन पत्र दर्ता भएको थियो। (साभार–रातोपाटी)

## निर्वाचन कार्यक्रम सुरु भएयता आयोगले सोध्यो १५ वटा स्पष्टिकरण

काठमाण्डौ, २९ असोज । आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन कार्यक्रम सुरु भएयता निर्वाचन आयोगले १५ वटा स्पष्टिकरण सोधेको छ। जसमा पार्टीका मुख्य नेता, उम्मेदवार, ब्यक्ति, संस्था, पार्टी, मन्त्रालय, सरकारी कार्यालय लगायतलाई सो संख्याको स्पष्टिकरण सोधिएको आयोगका सह प्रवक्ता कमल भट्टराईले रातोपाटीलाई जानकारी दिए । आयोगले यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई उम्मेदवारी दर्ताका क्रममा किन बाजागाजा लगेको भनेर स्पष्टिकरण सोधेको थियो। (साभार–रातोपाटी)

## सत्ता गठबन्धनका........


शेरबहादुर देउवा, कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलसहित वाम लोकतान्त्रिक गठबन्धनका शीर्ष नेतृत्वले आग्रह गरेपछि उम्मेदवारी फिर्ता लिएको उनले बताएकी छिन् ।

उनको उम्मेदवारी फिर्तासँगै सँगै सत्ता गठबन्धनमा प्रदेश तर्फका उम्मेदवार क्षेत्रबहादुर श्रेष्ठले आज रायमाझीलाई स्वगत गर्न सिमरा विमानस्थल नै पुगेका थिए । रायमाझीले पनि भेटमा आफुले बारा–४ मा सत्ता गठबन्धनका उम्मेदवारलाई जिताउन लाग्ने प्रतिवद्धता जनाएकी छिन्।

बारा–४ मा सत्ता गठबन्धन तर्फ संघमा किसान श्रेष्ठ प्रदेशतर्फ ४(क) मा माओवादी केन्द्रका क्षेत्रबहादुर श्रेष्ठ (अनिल) र ४ (ख) मा लोकतान्त्रिक समाजवादी पार्टीका मधेश प्रदेश इन्चार्ज जितेन्द्र सोनल रहेका छन् । जसपा– एमाले गठबन्धनमा भने उम्मेदवारी दर्ताको अघिल्लो लिन एमाले प्रवेश गरेका लोसपाका नेता एकवाल मियाँ र प्रदेशतर्फ देवनारायण चौधरी र आत्मराम साह रहेका छन् । (साभार–रातोपाटी)

## सडक अवरुद्ध...........

गरेपछि स्थानीय प्रशासनको निगरानीमा लाइन लगाएर दुई सय छ जनाको नाम सूची तयार पारिएको थियो । आइतबारदेखि सो सूचीको ५० प्रतिशत कार्यान्वयन तथा ५० प्रतिशत अन्य गरी सेवा दिइने नागरिक उड्डयनले बताएको छ । प्रजिअ केशरीका अनुसार लोकसेवा, परीक्षा दिने विद्यार्थी र केही बिरामी उडाएपछि अबको जिम्मा एयरलाइन्स र नागरिक उड्डयन आफैँले लिनेछ। नेपाल एयरलाइन्सको नियमित उडान तालिका कार्यान्वयन हुन सकेको छैन । यस बेला दैनिक उडान गरिरहेको समिट एयर पनि शनिबार नआउँदा सकस भएको छ। विपत्मा राहत, उद्धार, सडक पन्छाउने विषयमा तनाव बढिरहेको बेला राजमार्ग वन्द भएपछि जहाज नआउँदा हैरान भएको छ। सर्वसाधारणले समेत टिकट नपाएको, व्यवस्थापन प्रणाली कमजोर भएको र उडान कम भएको गुनासो बढेपछि शनिबार नेपाल पत्रकार महासंघका अध्यक्ष नेत्रबहादुर शाहीसहितको पत्रकारको टिमले सरोकारवाला निकायसँग भेटघाट गरेर अनुगमन तथा समन्वय गरेको छ ।



## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## ब्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## ब्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## ब्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा